नेपाल सरकार
अर्थ मन्त्रालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या:- २०७४/७५
च. नं.:- १६१

मिति: २०७५/२/२७

**विषयः आर्थिक वर्ष २०७५/७६ को अन्तर सरकारी वित्तीय हस्तान्तरण सम्बन्धी व्यवस्था र मार्गदर्शन।**

श्री सबै स्थानीय तह

आर्थिक वर्ष २०७५/७६ को विभिन्न निकायले गर्ने सेवा र कार्यहरुको निमित्त खर्च गर्ने अधिकारका लागि संवैधानिक व्यवस्था अनुरूप २०७५ जेठ १५ गते संघीय संसदमा विनियोजन विधेयक पेश भइसकेको व्यहोरा यहाँलाई अवगत नै छ। उक्त विधेयकमा व्यवस्था भए अनुरूप अनुदान दाखिला, योजना वा कार्यक्रम हस्तान्तरण र कार्यान्वयन गर्नुपर्ने हुँदा ती प्रावधानहरू सहितको मार्गदर्शन मिति २०७५/२/२७ को निर्णयानुसार यहाँको जानकारी तथा कार्यान्वयनको लागि पठाएको छ। विधेयकका यी प्रावधानहरु सहितको मार्गदर्शनबाट वित्तीय हस्तान्तरण र योजना वा कार्यक्रम कार्यान्वयनमा सहजता आउने विश्वास लिएको छ। साथै क्षेत्रगत मन्त्रालयबाट मन्त्रालयगत बजेट सूचना प्रणाली (LMBIS) मा प्रविष्ट गरिए बमोजिमका सशर्त कार्यक्रम/आयोजनाहरुको विवरण पुस्तिका पनि यसैसाथ संलग्न गरेको छ।

**अन्तर सरकारी वित्तीय हस्तान्तरण**

१. वित्तीय समानीकरण अनुदानको एक चौथाईले हुन आउने रकम महालेखा नियन्त्रक कार्यालयले स्थानीय सञ्चित कोषमा प्रत्येक वर्षको साउन २५ गते, कार्तिक २ गते, माघ २ गते र वैशाख २ गते गरी चार किस्तामा दाखिला गर्नेछ ।

२. वित्तीय समानीकरण अनुदानबाट खर्च भएको रकमको विवरण सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयमा प्रत्येक वर्षको कार्तिक १ गते, माघ १ गते, वैशाख १ गते र असार मसान्तसम्म बुझाइ सक्नुपर्नेछ। विवरण प्राप्त नभएसम्म वित्तीय समानीकरण अनुदान वापतको बाँकी रकम सम्बन्धित सञ्चित कोषमा दाखिला गरिने छैन।

३. सशर्त अनुदान रकमको एक चौथाई रकम महालेखा नियन्त्रक कार्यालयले स्थानीय सञ्चित कोषमा साउन १ गते र बाँकी रकम खर्च विवरणका आधारमा चौमासिक रूपमा दाखिला गर्नेछ।

४. सशर्त अनुदानको रकम जुन योजना वा कार्यक्रमको लागि प्राप्त भएको हो सोही योजना वा कार्यक्रमको लागि मात्र खर्च गर्नुपर्नेछ।

५. कुनै योजना वा कार्यक्रमको निमित्त हस्तान्तरण हुने सशर्त अनुदानको रकम कार्यान्वयन हुने अवधि, कार्यान्वयनको अवस्था र खर्च विवरण समेतका आधारमा चौमासिक रूपमा महालेखा नियन्त्रक कार्यालयले स्थानीय सञ्चित कोषमा दाखिला गर्नेछ।

६. समपूरक अनुदान र विशेष अनुदान सम्बन्धमा नेपाल सरकारले आवश्यक कार्यविधि बनाउनेछ र सोही आधारमा हस्तान्तरण हुने व्यवस्था मिलाइनेछ।

७. सशर्त, समपूरक र विशेष अनुदानको रकम असार मसान्तसम्म खर्च नभई बचत भएमा सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयमार्फत संघीय सञ्चित कोषमा दाखिला गर्ने व्यवस्था मिलाउनु हुनेछ। यसरी दाखिला हुनुपर्ने रकम दाखिला नभएमा अर्को वर्ष हस्तान्तरण हुने वित्तीय समानीकरण अनुदानबाट समायोजन गरिनेछ।

टेलिफोन नं.:- बजेट म. ४२११८०१, प्रशासन म. ४२११७४८, स.स.म. ४२११९९३, राजस्व व्य.म. ४२११८६७, अ.आ.स.स.म. ४२११८३७
आ.नि.वि.म. ४२११८२६, अनुगमन तथा मू.म. ४२००४१८, कानून तथा प.म. ४२११८१३, वि.क्षे.व्य.म. ४२११७७०
फ्याक्स नं. ४२११११६४, ४२११३४८ (बजेट म.), ४२१११६५, (अ.आ.स.स.म.)
ईमेल : admindivision@mof.gov.np, वेब साईटः www.mof.gov.np

८. नेपाल सरकारको राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम विभाज्य कोषमार्फत मासिक रूपमा महिना समाप्त भएको १५ दिनभित्र सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयमार्फत स्थानीय सञ्चित कोषमा जम्मा हुनेछ।

**योजना वा कार्यक्रम हस्तान्तरण र कार्यान्वयन**

९. नेपाल सरकारको कुनै निकायबाट कार्यान्वयन हुने गरी विनियोजन भएको कुनै योजना वा कार्यक्रम नेपालको संविधानको अनुसूची-८ बमोजिम स्थानीय तहको अधिकार सूचीमा परेको र स्थानीय तहले कार्यान्वयन गर्न सक्ने देखिएमा क्षेत्रगत मन्त्रालयले क्रमशः हस्तान्तरण गर्दै जान सक्नेछन्। यस्ता योजना वा कार्यक्रमको लागि विनियोजन भएको रकम कोष तथा लेखा नियन्त्रक कार्यालयमार्फत निकासा हुनेछ।

१०. स्थानीय तहमा हस्तान्तरण भएको वा स्थानीय तहले स्वीकृत गरेको योजना वा कार्यक्रम कार्यान्वयन गर्न तत्काल संरचना र जनशक्ति नभएमा स्थानीय तहले नेपाल सरकारको सम्बन्धित कार्यालयमार्फत कार्यान्वयन गराउन चाहेमा सम्बन्धित कार्यालयले त्यस्ता योजना वा कार्यक्रम कार्यान्वयन गर्न सक्ने प्रावधान राखिएको छ।

११. हस्तान्तरण भएका योजना वा कार्यक्रमका लागि स्थानीय तहबाट थप बजेट समावेश गरी कार्यान्वयन गर्न सकिनेछ।

१२. सशर्त अनुदानबाट सञ्चालन हुने योजना वा कार्यक्रम कार्यान्वयनको लागि द्विविधा पर्न गएमा संघबाट हस्तान्तरण भएको कार्यालय वा सम्बन्धित संघीय मन्त्रालय/निकायसँग समन्वय गर्नुहुनेछ।

१३. सशर्त अनुदान रकमको योजना वा कार्यक्रम कार्यान्वयन गर्ने सन्दर्भमा विगतका खर्चका मापदण्ड लगायतका कार्यविधि सम्बन्धित संघीय मन्त्रालयबाट प्राप्त गर्नुहुनेछ।

१४. तलब भत्ता बाहेक सशर्त अनुदानको रकम उद्देश्यमा फरक नपर्ने गरी मात्र कार्यक्रम संशोधन गर्न सकिनेछ।

१५. हस्तान्तरण भएको योजना वा कार्यक्रमको वैदेशिक स्रोततर्फको सोधभर्ना, सोझै भुक्तानी र वस्तुगत सहायता वापतको रकमको मासिक प्रतिवेदन सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालय र संघीय मन्त्रालय/निकायमा गर्नुपर्नेछ।

१६. स्थानीय तहको स्वीकृत दरबन्दीमा कार्यरत कर्मचारीहरुको तलब, भत्ता स्थानीय तहकै विनियोजनबाट व्यवस्थापन गर्नुपर्नेछ।

**वित्तीय अनुशासन**

१७. आफूले उठाएको राजस्व, बाँडफाँटबाट प्राप्त राजस्व र नेपाल सरकारबाट हस्तान्तरण भएको अनुदान कानून बनाई खर्च गर्नुपर्नेछ।

१८. महालेखा नियन्त्रक कार्यालयले आय र व्ययको एकीकृत आर्थिक विवरण तयार गरी महालेखा परीक्षकको कार्यालयमा पेश गर्नुपर्ने हुँदा निर्धारित ढाँचामा स्थानीय तहको आय व्ययको विवरण स्थानीय तह कोष तथा लेखा नियन्त्रक कार्यालयमार्फत पठाउने व्यवस्था गर्नुपर्नेछ।

१९. कानून बनाउँदा देहायका कुराहरु पालना हुने व्यवस्था मिलाउनु हुनेछः

(क) नेपाल सरकारको आर्थिक र वित्तीय नीति अनुशरण गर्ने,

(ख) सबै आय आफ्नो सञ्चित कोषमा दाखिल गर्ने,

(ग) अनुदानको रकम जुन प्रयोजनको लागि प्राप्त भएको हो सोही प्रयोजनको लागि प्रयोग गर्ने,

नेपाल सरकार
अर्थ मन्त्रालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्याः-
च. नं.:-

(घ) पूँजीगत खर्चको रुपमा विनियोजन भएको रकम चालू खर्चमा रकमान्तर गर्न नपाइने,

(ङ) आय व्ययको वर्गीकरण तथा लेखाङ्कन नेपाल सरकारले निर्धारण गरे बमोजिम राख्नु पर्ने।

२०. आर्थिक वर्ष २०७४/७५ को खर्च प्रतिवेदन सम्बन्धमा देहाय बमोजिम गर्नुपर्नेछः

क) आर्थिक वर्ष २०७४/७५ को आम्दानी र खर्चको प्रतिवेदन तोकिएको ढाँचामा आर्थिक वर्ष समाप्त भएको मितिले १५ दिनभित्र सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाउनु पर्नेछ। चालु वर्षको यस्तो प्रतिवेदन प्राप्त नभई आगामी वर्षको राजस्व र अनुदान वापतको रकम हस्तान्तरण हुनेछैन।

(ख) आर्थिक वर्ष २०७४/७५ को सशर्त अनुदान वापतको खर्च नभई वचत रहेको रकम आर्थिक वर्ष समाप्त भएको १५ दिनभित्र सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयमार्फत संघीय संचित कोषमा दाखिला गर्नुपर्नेछ। आर्थिक वर्ष २०७४/७५ को अनुदानको हिसाब फरफारक नभई आर्थिक वर्ष २०७५/७६ को अनुदान हस्तान्तरण हुने छैन।

२१. स्थानीय तहको बजेट तथा कार्यक्रम तर्जुमा र स्रोत व्यवस्थापन सम्बन्धी अन्य विषयहरु यस मन्त्रालयको अन्तरसरकारी वित्त व्यवस्थापन महाशाखाको मिति २०७४/१२/२१ को पत्र बमोजिम हुनेछ। सशर्त अनुदानमा उल्लेखित निरन्तरताका नियमित कार्यक्रम बाहेक स्थानीय तहको अधिकार सूचीमा पर्ने सबै कार्यक्रम र योजनाहरुको व्ययभार स्थानीय संचित कोषमा जम्मा भएको राजस्व र समानीकरण अनुदानबाट नै व्यवस्थापन गर्नुपर्ने व्यहोरा समेत अवगतार्थ अनुरोध छ।

**संलग्नः**

(क) सशर्त अनुदानबाट सञ्चालन हुन प्रस्ताव भएका योजना वा कार्यक्रमको विस्तृत विवरण

(ख) विनियोजन विधेयक, २०७५

(ग) अन्तरसरकारी वित्तीय हस्तान्तरण

आर्थिक वर्ष २०७५/७६ को बजेटसँग सम्बन्धित प्रकाशनहरू यस मन्त्रालयको website: www.mof.gov.np मा हेर्न र डाउनलोड गर्न सकिनेछ।

(निर्मलहरि अधिकारी)
सह-सचिव

**बोधार्थः**

श्री महालेखा परीक्षकको कार्यालय, बबरमहल।
श्री राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग, सिंहदरबार।
श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार।
श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार।
श्री राष्ट्रिय योजना आयोग, सिंहदरबार।
श्री महालेखा नियन्त्रक कार्यालय, अनामनगर।
श्री कोष तथा लेखा नियन्त्रक कार्यालयहरु।

टेलिफोन नं.:- बजेट म. ४२११८०१, प्रशासन म. ४२११७४८, स.स.म. ४२११९९३, राजस्व व्य.म. ४२११८६७, अ.आ.स.स.म. ४२११८३७

आ.नि.वि.म. ४२११८२६, अनुगमन तथा मू.म. ४२००४१८, कानून तथा प.म. ४२११८१३, वि.क्षे.व्य.म. ४२११७७०
फ्याक्स नं. ४२११९६४, ४२११३४८ (बजेट म.), ४२११९६५, (अ.आ.स.स.म.)
ईमेल : admindivision@mof.gov.np, वेव साईटः www.mof.gov.np